सभाबाट स्वीकृत मितिः २०७७/१२/०३

# स्वास्थ्य सेवाको सम्बन्धमा बनेको ऐन, २०७७

**इटहरी उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**सुनसरी, १ नं. प्रदेश, नेपाल**

# स्वास्थ्य सेवाको सम्बन्धमा बनेको ऐन, २०७७

**प्रस्तावनाः** नेपालको संविधानले प्रत्याभुत गरेको नागरीकको स्वास्थ्य सम्बन्धि अधिकारको कार्यान्वयन गर्न नगर क्षेत्र भित्र रहेका विभिन्न किसिमका स्वास्थ्य संस्था संचालन, व्यवस्थापन र नियमन गरी गुणस्तरीय स्वास्थ्य सेवा सहज ढंगले संचालन तथा व्यवस्थापन गर्न बाञ्छनीय भएकाले, इटहरी उपमहानगरपालिकाको नगरसभाले पारित गरि लागु गरिएको छ ।

**परिच्छेद - १**

**संक्षिप्त नाम र प्रारम्भ**

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो ऐनको नाम "स्वास्थ्य सेवाको सम्बन्धमा बनेको ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्ररम्भ हुनेछ।

**२. परिभाषाः विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा–**

(क) "प्रमुख" भन्नाले इटहरी उपमहानगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(ख) "उपप्रमुख" भन्नाले इटहरी उपमहानगरपालिकाको नगर उपप्रमुखलाई सम्झनु पर्दछ ।

(ग) "नगरपालिका" भन्नाले इटहरी उपमहानगरपालिकालाई सम्झनु पर्दछ ।

(घ) "कार्यालय"भन्नाले नगरपालिका कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(ङ) "आर्थिक वर्ष" भन्नाले श्रावण एक गते देखि शुरु भई आषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनु पर्दछ ।

(च) "कार्यपालिका" भन्नाले इटहरी उपमहानगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

(छ) "नगर सभा" भन्नाले इटहरी उपमहानगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको काम काज गर्न नेपाल सरकारबाट तोकिएको अधिकृतलाई सम्झनु पर्दछ ।

(झ) "समिति" भन्नाले ऐन बमोजिम गठन हुने समिती सम्झनु पर्दछ ।

(ञ) "स्वास्थ्य संस्था" भन्नाले अस्पताल, स्वास्थय चौकी, शहरी स्वास्थ्य प्रवर्धन केन्द्र, आयुर्वेदिक औषधालय, शहरी स्वास्थ्य किल्नीक, आभारभूत स्वस्थ्य केन्द्र, सामुदायीक स्वस्थ्य केन्द्र र यस्तै प्रकारका निजी तथा सामुदायीक स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

**३. नगर स्वास्थ्य विकास समितिको गठन :** (१) नगरपालिका क्षेत्रभित्र स्थापना भएका वा स्थापना हुने स्वास्थ्य संस्थाको दर्ता, संचालन, अनुगमन तथा नियमन, व्यवस्थापनका साथै नगरपालिका क्षेत्र भित्रको स्वास्थ्य सम्बन्धि आवश्यक कार्य गर्न देहाय बमोजिमको एक नगर स्वास्थ्य समिती रहनेछ ।

(क) नगरप्रमुख - संयोजक

(ख) उपप्रमुख - सहसंयोजक

(ग) प्रमुख प्रसाशकीय अधिकृत - सदस्य

(घ) नेपाल रेडक्रस सोसाईटी इटहरी सभापती - सदस्य

(ङ) कार्यपालिकाले तोकेको एक महिला सहित तिन जना - सदस्य

(च) समितीले तोकेको स्वास्थ्य सम्बन्धि अनुभव भएको महिला स्वयमसेवीका एकजना - सदस्य

(छ) इटहरी अस्पताल अस्पताल / ट्रमा सेन्टर / पन्ध्र सैयाभन्दा बढी सैयाको नगर स्तररीय अस्पताल भएको वडाको वडाध्यक्ष पदेन - सदस्य

(ज) निजी अस्पताल, किल्नीक र फार्मेसी व्यवसायी वाट प्रमुखले तोकेको एक जना सदस्य

(झ) इटहरी अस्पताल वा यस ऐन बमोजिमको ट्रमा सेन्टर वा अस्पतालको प्रमुखले तोको प्रमुख - सदस्य

(ट) इटहरी उपमहानगरपालिका स्वस्थ्य शाखा प्रमुख - सदस्य सचिव

४. इटहरी उपमहानगरपालिका वडा नं. ९ (नौ) मा संचालन भइ रहेको इटहरी अस्पताल लगायत उपमहानगरपालिकको क्षेत्राअधिकारभित्र स्थापना भई संचालन भएको वा नगरस्तरीय अस्पतालको व्यवस्थापन समितिको कार्य गर्ने र दफा ३ बमोजिमको नगर स्वास्थ्य विकास समितिले गर्नेछ ।

५. **नगर स्वास्थ्य समितिको काम कर्तव्य र अधिकार** : नगर स्वास्थ्य समितिको काम कर्तव्य र अधिकार देहाय बमोजीम हुनेछ ।

(क) इटहरी अस्पतालको संचालन तथा व्यवस्थापन सम्वन्धि सम्पूर्ण कार्य गर्ने,

(ख) नगर स्वास्थ्य सेवा सम्बन्धि नीति तथा कार्य योजना स्वीकृत गर्ने,

(ग) नगरपालिका क्षेत्र भित्रको स्वास्थ्य सम्बन्धि समग्र कार्यको अनुगमन गर्ने वा गर्न लगाउने,

(घ) नगरपालिका स्वयम्ले संचालन गरेको इटहरी अस्पताल, स्वास्थ्य चौकी, शहरी स्वास्थ्य प्रवर्धन केन्द्र, आयुर्वेद औषधीलय केन्द्र लगायतको संचालनमा रहेका संस्थाको गुणस्तर बृद्धि गर्ने निति कार्य योजना स्वीकृत गरी कार्यान्वयन गर्ने गराउने,

(ङ) नगर स्वास्थ्य सम्बन्धि आवश्यक मापदण्ड स्वीकृत गरी कार्यान्वयन गर्ने,

(च) नगरपालिका स्वयम्ले संचालन गरेको अस्पताल, स्वास्थ्य चौकी, शहरी स्वास्थ्य प्रवर्धन केन्द्र लगायतका संस्था संग सम्बन्धित समिती वा त्यस्तो कार्यालयलाई आवश्यक निर्देशन दिने,

(छ) खण्ड (ङ) बमोजीमका संस्थामा कार्यरत कर्मचारीको कामको अनुगमन मूल्याङन गर्ने पुरस्कार र दण्ड सम्बन्धि आवश्यक निति तय गर्ने,

(ज) नगर क्षेत्रको सम्पूर्ण स्वास्थ्य सम्बन्धि कृयाकलाप सम्बन्धि नीति योजना तय गरी कार्यान्वयन गर्ने,

(झ) यो ऐन तथा प्रचलित कानुनले तोकेवमोजिम निजी क्षेत्रबाट निजीक्षेत्रबाट सञ्चालन हुने अस्पताल, क्लीनिक, मेडिकलहरुको दर्ता, नविकरण नियमन गर्ने,

(ञ) अस्पतालमा रहेको कार्यरत कर्मचारीको घरविदा, विरामी विदा, प्रस्तुती विदा, पर्व विदा, भैपरी विदा वाहेकका अन्य विदा स्वीकृत गर्ने,

(ट) संस्थाको खारेजीको लागि कार्यपालिकामा सिफारिश गर्ने ।

६. **वडा स्वास्थ्य विकास समिति :** विभिन्न वडामा संचालन भएकोछ वा संचालन हुने स्वास्थ्य इकाईहरु व्यवस्थापन तथा संचालनको लागि देहाय बमोजिमको एक वडा स्वास्थ्य समिति रहनेछ ।

(क) वडा अध्यक्ष - अध्यक्ष

(ख) यस ऐन बमोजिमको नगर स्वास्थ्य विकास समिलि तोको एक जना सम्वन्धित वडाको महिला सदस्य - सदस्य

(ग) यस ऐन बमोजिमको नगर स्वास्थ्य विकास समितिले तोकेको एकजना स्वयम सेविका - सदस्य

(घ) स्वास्थ्य क्षेत्रमा योगदान पुर्‍याउन सक्ने समाजसेवी मध्य नगर प्रमृखले मनोनयन गरको एक जना - सदस्य

(ङ) वडा स्वास्थ्य केन्द्र वा इकाईको प्रमुख - सदस्य सचिव

७. **वडा स्वास्थ्य विकास समितिको काम कर्तव्य र अधिकार :** (१) वडा स्वास्थ्य विकास मिमितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

(क) स्वास्थ्य केन्द्र वा इकाई संचालन सम्बन्धि कार्ययोजना स्वित गरी लागु गर्ने,

(ख) स्वास्थ्य केन्द्र वा इकाईको नियमित अनुगमन गर्ने,

(ग) वडाभित्रका निजी स्वास्थ्य संस्था संचालनकाल लागि मापदण्ड बनाई स्विकृतिको लागि नगर स्वास्थ्य विकास समितिमा पठाउनेछ,

(घ) स्वास्थ्य केन्द्र वा इकाईका प्रमुखको विदा स्वीकृतका लागि प्रमुख प्रशासकीय अधिकृतलाई पठाउने,

(ङ) घर विदा, विरामी विदा, प्रस्तुती विदा, भैपरु आउने विदा, पर्व विदा बाहेका अन्य विदा लिने कर्मचारुको विदा लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्ने,

(च) पन्ध्र दिनभन्दा बढी विदा लिनु पर्ने भएमा नगर स्वास्थ्य समितिमा टिप्पणी गर्ने,

(छ) नगर स्वास्थ्य समितिले टोकेका अन्य कार्य गर्ने,

(२) उपदफा (१) बमोजिमको समितिले इटहरी अस्पताल वा अन्य स्वास्थ्य संस्थाको व्यवस्थापन समिति हैसियतले काम काज गर्नेछ ।

८. **अस्पताल र स्वास्थ्य केन्द्र सम्वन्धि व्यवस्था** : (१) दफा ३ बमोजीमको समीतिले निर्णय गरी नगरपालिका क्षेत्र भित्रमा विभिन्न वडामा स्तर निर्धारण गरी अस्पताल, स्वास्थ्य चौकी, सहरी स्वास्थ्य प्रवर्धन केन्द्र, आयुर्वेदिक औषधालय, सहरी स्वास्थ्य किल्नीक, आभारभूत स्वस्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य केन्द्र, र यस्तै प्रकारका निजी तथा सामुदायीक स्वास्थ्य संस्था समेतको स्थापना गरी संचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका स्वास्थ्य चौकी वा स्वास्थ्य केन्द्र को मापदण्ड त्यस्तो संस्थामा रहने कर्मचारी तिनको सेवा सुविधा र संचालन विधि तोकीए बमोजिम हुनेछ ।

९. **निजी क्षेत्र वा अन्य निकाय संग साझेदारी गर्न सकिने :** (१) नगरपालिकाले संचालन गर्ने अस्पताल, स्वास्थ्य केन्द्र, शहरी स्वास्थ्य प्रवर्धन केन्द्र र आयुर्वेदिक स्वास्थ्य केन्द्र स्थापना संचालन गर्दा निजी क्षेत्र, विभिन्न निकाय वा प्रतिष्ठान संग सम्झौता गरी सम्झौता बमोजीम साझेदारीमा स्थापना वा संचालन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम साझेदारी गर्दा अपनाउनु पर्ने प्रकृया र त्यस्को लागत र प्राप्त हुने परीमाणको विषयमा यस ऐन बमोजिमको समितिले स्पष्ट मापदण्ड स्वीकृत गरी लागु गर्न सक्नेछ ।

**१०. निजी क्षेत्रले स्वास्थ्य संस्थास्थापना गर्न पाउने :** (१) निजी क्षेत्रले यस ऐन र प्रचलित कानुन बमोजीम स्वास्थ्य संस्था क्लिनिक अस्पताल फार्मेसी संचालन गर्दा नगरपालिकाको स्वीकृती लिनुपर्नेछ ।

(२) उपदफा (१) वमोजिमको स्वास्थ्य संस्था ,क्लिनिक, अस्पताल वा फार्मेसी संचालन गर्न चाहेमा कार्यालयमा त्यस्तो संस्था रहने स्थान, जनशक्तिको विवरण, सेवा को प्रकृती र किसीम, सेवा दिने समय लगायतको विवरण समेत उल्लेख गरी कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजीमको निवेदन परेमा आवश्यक जाँचवुझ गरी तोकेको दस्तुर लिई समितिले स्वीकृती प्रदान गर्न सक्नेछ ।

(४) उपदफा (२) बमोजीम निवेदन परेमा समितीले बढीमा तिन महिना भित्र आवश्यक जाँजवुझ गरी स्वीकृत दिने वा नदिने निर्णय गर्नु पर्नेछ ।

(५) उपदफ (३) वमोजीम स्वीकृत दिन सकिने भए नसक्नुको कारण र आधार समेत खोली प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत दिन नसकिने निर्णय भएको भए सात दिन भित्र निवेदनलाई लिखित जानकारी दिनुपर्नेछ ।

(६) स्विकृति सम्वन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**११. दर्ता प्रमाण पत्र सम्बन्धि व्यवस्था :** दफा ५ वमोजिम स्वास्थ्य संस्था क्लिनिक अस्पताल फार्मेसी संचालन स्वीकृत प्रदान गर्ने निर्णय भएपछि, त्यस्तो संस्था संचालन प्रारम्भ गर्नु पर्ने मिति र अन्य आवश्यक मापदण्ड सम्वन्धि व्यवस्था उल्लेख गरी अनुसूची (१) बमोजीमको ढाँचामा प्रमाण पत्र दिनुपर्नेछ ।

**१२.महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविका सम्बन्धि व्यवस्था :** (१) यो ऐन प्रारम्भ हुनु भन्दा अघि इटहरी उपमहानगरपालिका अर्न्तगत कार्यरत महिला सामुदायिक स्वास्थ्य स्वयम्सेवीकाहरुलाई आवश्यकता अनुसार नगरपालिकाले परीचालन गर्न सक्नेछ ।

(२) महिला स्वास्थ्य स्वयमसेवीकालाई दिइने सेवा सुविधा सम्बन्धी व्यवस्था प्रचलित कानुन र समितीको सीफारीसमा कार्यपालिकाले निर्णय गरे बमोजीम हुनेछ ।

(३) उपदफा (१) वमोजीमका महिला स्वयमसेवीकाको उमेरको हद साठी वर्षको हुनेछ ।

(४) उपदफा (३) बमोजीम साठी वर्ष उमेर हद पूरा भएको महिला स्वास्थ्य स्वयम सेविकाको सुविधा सम्बन्धी व्यवस्था नगरसभाले तोके बमोजिम हुनेछ ।

**१३. औषधी तथा स्वास्थ्य उपकरण खरीद भण्डारण सम्बन्धि व्यवस्था :** (१) नगरपालिकाले संचालन गरेको अस्पताल वा स्वास्थ्य केन्द्र वा इकाईको वार्षिक वजेटको अधिनमा रहि आवश्यकता अनुसार औषधी तथा उपकरण प्रचलीत कानुन वमोजीम खरीद गर्न सक्नेछ ।

(२) उपदफा (१) बाहेकका इटहरी अस्पताल, स्वास्थ्य चौकी, सहरी स्वास्थ्य प्रवर्धन केन्द्र, आयुर्वेदिक औषधालय, सहरी स्वास्थ्य किल्नीक, आभारभूत स्वस्थ्य केन्द्र, सामुदायीक स्वस्थ्य केन्द्रका लागि आवश्यक औषधी र उपकरण नगरपालिकाको कार्यलयले प्रचलीत कानून वमोजीम खरीद गरी मापदण्ड बनाई वितरणको व्यवस्था गर्नेछ ।

**१४. स्वास्थ्य समूह सम्बन्धि व्यवस्था :** नगरपालिका क्षेत्र भित्र गठन भइ संचालनमा रहेका वा गठन हुने आमा समूहको अभिलेख, वातावरण तथा सरसफाई शाखामा राखिनेछ ।

(२) उपदफा (१) वमोजिमका आमा समूह मार्फत स्वास्थ्य सरसफाई फोहोर व्यवस्थापन सम्बन्धि कार्यमा नगरपालिकाले आवश्यक सहयोग लिनेछ ।

(३) आमा समूह अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१५. सजाय सम्बन्धि व्यवस्था :** (१) यस ऐन वा नियम विपरीत कसैले कुनै कार्य गरेमा त्यस्तो कार्य गर्ने व्यक्ति वा संस्थालाई यस ऐन वमोजिमको समितीले आवश्यक जाँचवुझ गरी पहिलो पटकलाई नसिहत दिने र दोश्रा  पटकका लागि पचास हजार रुपौयासम्म जरीवना गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिमको सजाय पाइसकेको संस्थाले दोश्रा पटकभन्दा बढी त्यस्तो गल्ती गरेमा त्यस्तो संस्थाको दर्ता खारेजीको लागि समितिले कार्यपालिकालाई सिफारीस गर्नेछ र कार्यापालिकाले त्यास्तो संस्था खारेज गर्न सक्नेछ ।

(३) उपदफ (१) र (२) वमोजीम जरीवाना वा सजाय गर्नु अघि सम्बन्धित व्यक्ति वा संस्थालाई सर्फाइ पेश गने मौका दिनु पर्नेछ ।

**१६. व्यवस्थापन समितिः** यो ऐन प्रारम्भ भएपछि इटहरी अस्पताल व्यवस्थापन समिति, स्वास्या चौकी र वडा स्वास्थ्य केन्द्र वा इकाईको व्यवस्थापन समिति यसै ऐन बमोजिम हुनेछ र यो ऐन प्रारम्भ गठन भए पश्चात यो भन्दा अघि कायम रहेका अस्पताल, वडा समिति स्वत विघटन हुनेछ

**१७. नियम बनाउन सक्नेछ :** यस ऐनको कार्यान्वयनको लागि यस ऐन बमोजिमको नगर स्वास्थ्य विकास समितिले आवश्यक नियम स्विकृत गरी लागु नर्ग सक्नेछ ।

**१८. बाधा अड्चन फुकाउ :** यो ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ परे यो ऐनको प्रतिकुल नहुने गरी यस ऐन बमोजिमको नगर स्वास्थ्य विकास समितिले आवक्यश आदेश जारी गरी त्यस्तो बाधा अड्काउ फुकाउने गरि निर्णय गर्न सक्नेछ ।

**१९. बचाउ :** यस ऐन लागु हुनु पुर्व यस ऐन वमोजीम भए गरेका गरेका कार्य यसै ऐन बमोजीम भए गरेको मानिनेछ ।